## निर्णय नं १

यस सुन्दरवजार नगरपालिकाको प्रोफाईल तयारी कार्यका लागि गत आ व २०७४।७५ मा गठीत नगरप्रोफाईल तयारी समितिवाट सिफारिस भए वमोजिम छपाई गरिएका घरधुरी सर्भेक्षण फारम अनुसार घरधुरी सर्भेक्षण कार्य अगाडी वढाउनका लागि पेश भएको नगरपालिका प्रोफाईल तयारी प्रस्ताव आजको वैठकमा पेश भई छलफल भयो । सो प्रस्तावलाई स्वीकृत गरीयो । साथै वाकि विषयमा निम्न अनुसार गर्ने निर्णय गरियो ।

**निम्न**

क) पेश भएको नगरप्रोफाईल तयारी प्रस्तावलाई स्वीकृत गर्ने । र सो अनुसार कार्य अगाडी वढाउने ।
ख) प्रस्ताव अनुसार घरधुरी सर्भेक्षण कार्य गर्ने गणकलाई सर्भेक्षण कार्य गरेवापत प्रति घरधुरीको सर्भेक्षण खर्च (पारिश्रमिक) रु६०( अक्षरुपी साठी रुपैया ) प्रदान गर्ने ।
ग) निम्न वडामा निम्न अनुसारको संख्यामा गणकहरुको छनौट गर्ने । निजहरुलाई अभिमुखीकरण तालिम प्रदान गरी कार्यक्षेत्रमा खटाउने ।

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गणक संख्या | २ | ३ | २ | २ | ३ | ५ | ४ | ३ | ४ | २ | ३ |

## निर्णय नं २

आर्थिक वर्ष ०७५।७६ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अर्न्तगत मर्मत सम्भार कार्यकममा विनियोजित रकम रु ८३ लाख मध्येवाट प्रत्येक वडालाई रु ५/५ लाखका दरले ५५ लाख रकम प्रदान गर्ने । र वडालाई तोकिएको रु ५ लाखको कार्यकम स्वीकृत गर्ने, कार्यान्वयन गर्ने र खर्च भुक्तानी गर्ने प्रकृयाको विधि र मापदण्ड निम्न अनुसार स्वीकृत गरियो ।

**निम्न**

१) प्रत्येक वडाको लागि विनियोजित रु ५/५ लाख रकम लाई निम्न ३ शिर्षकमा वाडँफाँड गरी निम्न अनुसार कार्य संचालन गर्ने :

- निर्माण सामाग्रि खरिद सहयोग कार्यक्रम — रु १ लाख
- साना पूर्वाधार विकास कार्यक्रम — रु २ लाख
- मर्मत सम्भार कार्यक्रम — रु २ लाख

२) उपरोक्त अनुसार वाडँफाँड गरिएको निम्न शिर्षकको रकम लाई निम्न आधार र प्रकृयामा कार्यक्रमहरु संचालन गर्ने गराउने :

**क. निर्माण सामाग्रि खरिद सहयोग कार्यकम-रु १ लाख**

- कुनै योजना, कार्यकम, पूर्वाधार वा संरचनामा कुनै निर्माण सामाग्रि खरिद गरी नियमित गर्नुपरेमा वा चालू अवस्थामा ल्याउन पर्ने भएमा उपभोक्ताहरुको निवेदन मागको आधारमा वडा समितिले निर्णय गरी रकम स्वीकृत गर्न सक्ने ।
- साथै यो रकमवाट वडा कार्यालयको समान्य मर्मत, सुधार वा व्यवस्थापनमा प्रभावकारिता ल्याउन समेत वडा समितिको वैठकवाट निर्णय गरी कार्य गर्न वा खर्च गर्न सकिने । यसरी वडा कार्यालयको मर्मत सुधार सम्वन्धी कामको निर्णय भएमा सो को अनिवार्य रुपम ल ई गराउनु पर्ने छ । तर निर्माण सामाग्रि मात्र खरिद गरि फेर्नुपर्ने अवस्थामा ल ई गराउनु पर्नेछैन । यस्तो सामानको वडा कार्यालयमा स्टोर दाखिला गरी प्रमाणित गर्नुपर्नेछ ।
- उपभोक्ताहरुको तर्फवाट आएको निवेदन वडा कार्याल्यमा दर्ता भएको हुनुपर्ने ।
- वडा समितिको वैठकले निर्माण सामाग्रि खरिद गर्नका लागि निर्णय गर्दा न्यूनतम रु ५०००। देखि वढिमा रु १०००००। सम्मको रकम स्वीकृत गर्न सक्नेछ । यस्तो निर्णय गर्दा खरिद गरिने निर्माण सामाग्रिको नाम, परिमाण र स्पेसिफिकेसन समेत खुलाउनु पर्नेछ ।
- रकम स्वीकृत भएपछि उपभोक्ताहरुले वाकिँ कार्य जनश्रमदान वा नगद अनुदान जुटाई ऊत कार्यकम सम्पन्न गर्नुपर्नेछ ।

- उक्त कार्यक्रम सम्पन्न भएपछि वडा समितिका अध्यक्षले कार्य सम्पन्न भएको व्यहोरा दर्शाई विल अनुसारको रकम भुक्तानीको लागि नगरपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ ।
- यसरी सिफारिस पठाउदाँ निम्न कागजातका फोटोकपीहरु समेत पठाउनु पर्नेछ :
  - उपभोक्ताहरुले दिएको निवेदनको फोटोकपी १,
  - वडा समितिको वैठकको निर्णय पाना १
  - निर्माण सामाग्रि खरिद गरेको वील कागज १
  - कार्यसम्पन्न भएको भन्ने व्यहोराको उपभोक्ता समितिको वैठकको निर्णय
  - वडा कार्यालयको मर्मत सुधार कार्यको हकमा प्राविधिक लई र कार्यसम्पन्न प्रतिवेदन सहीतको MB र सामान खरिद गरि फेरिएको ( कार्य गरिएको ) हकमा सो को स्टोर दाखिला गरिएको प्रमाणित कागज ।
  - निर्माण सामाग्रि प्रयोग गरिएको योजना कार्यक्रम संरचनाको तस्वीर १
- वडा समितिले यस शिर्षकवाट निर्णय गर्दा लगत ईष्टिमेट तयार गर्नुपर्ने प्रकृतिको कामको लागि रकम निर्णय गर्न पाईने छैन । केवल निर्माण सामाग्रि खरिद गर्ने र सो को प्रयोग गरी योजना कार्यक्रमलाई नियमित गर्ने गराउने कामका लागी मात्र गर्नुपर्नेछ ।
- निर्माण सामाग्रि खरिद सहयोग कार्यक्रममा सिमेन्ट, रड, जस्तापाता, ग्याविन जाली, पोलिथिन पाईप, जि आई पाईप, पि सि वि पाईप, विजुली पोल, केवुल तार, खानेपानी फिटिङ०गसका सामान, ईलेक्ट्रिकल्स समाग्रिहरु आदि गर्न सकिनेछ ।

ख. साना पूर्वाधार विकास कार्यक्रम-**रु २ लाख**

- वडाभित्रका वासिन्दाहरुवाट निवेदन मग भई आएको भौतिक पूर्वाधार सम्वन्धी समस्यालाई तत्काल सम्वोधन गर्नुपर्ने देखिएमा वडा समितिको वैठकले निर्णय गरी रकम स्वीकृत गर्न सक्ने ।
- यस्तो पूर्वाधारको योजना स्वीकृत गर्दा वडा समितिले एउटा योजनामा रु ३०,०००। भन्दा कम नहुने गरी वढिमा २०००००। सम्मको रकम स्वीकृत गर्न सक्ने ।
- यो शिर्षकमा वडा समितिले निर्णय गर्दा **वढिमा ४ वटा योजनाहरु** मात्र स्वीकृत गर्न सक्ने ।
- वडा समितिले निर्णय गरि योजना स्वीकृत गरेपछि योजनाको संभ्फौता र कार्यान्वयनका लागि अनिवार्य रुपमा नगरकार्यपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ ।
- यसरी सिफारिस गर्दा निम्न कागजातको फोटोकपीहरु समेत पठाउनु पर्नेछ :
  - उपभोक्ताहरुको तर्फवाट वडामा दिएको निवेदन,
  - वडा समितिको वैठकको निर्णय,
  - उपभोक्ता समिति गठन गर्दाको भेलाको उपस्थिती र निर्णयका कागजातहरु,
  - प्राविधिक द्वारा ल ई तयार गरिसकेको भएमा सो को सक्कल कागजातहरु ।
  - उपभोक्ता समिति संग संभ्फौता गर्दा आवश्यक पर्ने पदाधिकारीहरुको नेपाली नागरिकताको प्र प्र को फोटोकपी लगायतका अवश्यक पर्ने अन्य कागजातहरु ।
- रकम स्वीकृत नभईकन वा रकम स्वीकृत भएको भएपनि ल ई गरेर कार्यालय संग संभ्फौता नभइकन संचालन र सम्पन्न भएका योजनामा कार्यालयवाट रकम भुक्तानी नहुने ।

नगरकार्यपालिकाको कार्यालय संग संभ्फौता भई सकेपछि यस्तो योजनाको कार्यान्वयन, अनुगमन, मूल्यांकन, सुपरीवेक्षण र भुक्तानी प्रकृया नगरपालिकाको अन्य स्वीकृत योजना अनुसार नै हुने ।

ग. मर्मत सम्भार कार्यक्रम-**२ लाख**

- वडा भित्रका कुनै पनि पूर्वाधार, विकास निर्माण, संरचनामा दैवी प्रकोप वा अन्य कुनै कारणले क्षति हुन गएको वा अन्य कारणले तत्काल मर्मतसंम्भार गरी सुचारु गर्नुपर्ने भएको अवस्थामा उपभोक्ताहरुको माग निवेदनको आधारमा वडा समितिको वैठकले निर्णय गरी रकम स्वीकृत गर्न सक्ने ।

- यस्तो मर्मत सुधारको योजना स्वीकृत गर्दा वडा समितिले एउटा योजनामा रु १ लाख भन्दा कम नहुने गरी बढिमा २ लाख सम्मको रकम स्वीकृत गर्न सक्ने ।
- यो शिर्षकमा वडा समितिले निर्णय गर्दा बढिमा २ वटा योजनाहरु मात्र स्वीकृत गर्न सक्ने ।
- वडा समितिले निर्णय गरि योजना स्वीकृत गरेपछि योजनाको संझौता र कार्यान्वयनको लागि अनिवार्य रुपमा नगरकार्यपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ । यो अर्न्तगतको योजनाको कार्यान्वयन गर्दा प्राविधिक लगत ईष्टिमेट अनिवार्य रुपमा गर्नु गराउनु पर्नेछ ।
- यसरी सिफारिस गर्दा निम्न कागजातको फोटोकपीहरु समेत पठाउनु पर्नेछ :
    - उपभोक्ताको तर्फवाट वडामा दिएको निवेदन ।
    - वडा समितिको वैठकको निर्णय ।
    - उपभोक्ता समिति गठन गर्दाको भेलाको उपस्थिती र निर्णयका कागजातहरु ।
    - प्राविधिक ल ई तयार गरिसकेको भएमा सो को सक्कल कागजातहरु
    - उपभोक्ता समिति संग संझौता गर्दा आवश्यक पर्ने पदाधिकारीहरुको नेपाली नागरिकताको प्र प्र को फोटोकपी लगायतका अवश्यक पर्ने अन्य कागजातहरु ।
- रकम स्वीकृत नभईकन वा रकम स्वीकृत भएको भएपनि ल ई गरेर कार्यालय संग संझौता नभइकन संचालन र सम्पन्न भएका योजनामा कार्यालयवाट रकम भुक्तानी नहुने ।
- अविरल वर्षा, पैह्रो, वाढि वा अन्य प्राकृतिक कारणले आएको अवरोध हटाउन वा आवागमन सुचारु गर्न वा दैनिक जीवनलाई सहज वनाउन वडा समितिको वैठकको निर्णय अनुसार तत्काल हेभि मेशिन वा ट्रक वा टिपर वा टयाक्टर भाडाँमा लिई बढिमा रु १ लाख सम्म खर्च गरी कार्य गर्न सक्ने । यसरी रु एक लाख सम्मको कार्य गर्दा वडा भित्रका विभिन्न सडकहरुमा मर्मत कार्य गर्न गराउन सकिनेछ। यस बमोजिम विभिन्न सडक र सडक भित्रका स्थानहरुमा (खण्ड) मर्मत गर्नुपरेमा एउटै मुल लागत ईष्टिमेट बनाई त्यसरी मर्मत गर्नुपर्ने प्रत्येक सडकको नाम, काम गरेको स्थान खण्ड, गर्नुपर्ने कामको क्रियाकलाप, परिमाण र लागत खुलाईएको हुनुपर्दछ। र कार्य सम्पन्न प्रतिवेदन, अन्तिम प्राविधिक मुल्यांकन तयार गर्दा पनि सोही बमोजिम गर्नुपर्दछ। यसको प्रयोजनको लागि देहाय अनुसारको नमुनालाई उदाहरणको रुपमा लिई एकमुष्ट रुपमा प्रतिवेदन तयार गर्न सकिन्छ।

देहाय

| सि.नं. | सडकको नाम | काम गरिएको खण्ड | क्रियाकलाप | परिमाण | लागत |
|---|---|---|---|---|---|
| १ | क | क सडकको स्थान -१ | | | |
| २ | ख | ख सडकको स्थान -१ | | | |
| | | ख सडकको स्थान -२ | | | |
| ३ | ग | ग सडकको स्थान -१ | | | |
| | | ग सडकको स्थान -२ | | | |
| | | ग सडकको स्थान -३ | | | |

यसरी कार्य गर्दा वडा समितिको निर्णय संलग्न गरी नगरपालिकामा वडाको सिफारिस पेश गरेर प्राविधिक लई वमोजिम कार्यालय संग संझौता गरेर कार्य गर्नुपर्नेछ ।

- यसरी गरिएको कामको भुक्तानी माग गर्दा वडा समितिको कार्य सम्पन्न भएको भन्ने व्यहोराको निर्णय, प्राविधिक कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक मूल्यांकन, MB किताव र सम्वद्ध विल, भपाई, सवारी साधनको कागजात, तस्वीर आदि आवश्यक कागजात पेश गर्नुपर्नेछ ।
- नगरकार्यपालिकाको कार्यालय संग संझौता भई सकेपछि यस्तो योजनाको कार्यान्वयन, अनुगमन, मूल्यांकन, सुपरीवेक्षण र भुक्तानी प्रकृया नगरपालिकाको अन्य स्वीकृत योजना अनुसार नै हुने ।

३. उपरोक्त अनुसार वुदाँ २ को (क) (ख) (ग) वमोजिमको कार्यहरु सम्पादन गर्दा कार्यालयवाट तोकिए वमोजिमको ढाचाँमा ( निवेदन, निर्णय, भुक्तानी सिफारिस आदि ) पठाउनु पर्नेछ ।

४. उपरोक्त अनुसार वुदाँ २ को (क) (ख) (ग) वमोजिमको कार्यहरु सम्पादन गर्दा वस्ने वडा समितिको वैठकमा सम्बन्धित वडाबाट नगर कार्यपालिकामा प्रतिनिधित्व गर्ने नगर कार्यपालिकाको सदस्यलाई अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ।

## निर्णय नं ३

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा १३ वमोजिम यस सुन्दरवजार नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को दररेटको प्रस्ताव प्राविधिक शाखाका प्रमुख ई. जिवन थापावाट प्रस्तुत भई छलफल भयो । उक्त प्रस्ताव उपर छलफल गरी परिमार्जन सहीत स्वीकृत गरी लागू गर्ने र यो दररेटको प्रस्ताव स्वीकृत हुनु अगावै नगरकार्यपालिकाको कार्यालयवाट हालसम्म गरिएका सवै कार्यहरु सोही वमोजिम नै हुने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं ४

यस नगरपालिकाको आर्थिक ऐन २०७५ वमोजिम स्वीकृत गरीएको नगरक्षेत्रमा संचालन हुने उद्योग, व्यापार, पेशा, व्यवसाय आदिमा लिईने व्यवशाय करको लगत लिई व्यवसाय कर संकलन गर्नको लागि निम्न अनुसार प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निम्न

क) सुन्दर वजार नगरपालिकावाट जारी भएको आर्थिक ऐन २०७५ वमोजिम न पा ले असुली गर्नुपर्ने व्यवसाय करको संकलनका लागि वडा कार्यालयवाट वडा वडामा व्यवसायीहरुको तोकिए वमोजिमको विवरण संकलन गर्ने र अद्यावधिक गर्ने ।

ख) वुदाँ क अनुसारको कार्यको नेतृत्व वडा अध्यक्ष वा वडा अध्यक्षले तोकिदिएको वडा सदस्यले गर्ने । र उक्त कार्यमा वडा सदस्यहरुलाई कलष्टर( क्षेत्र) तोकिदिई जिम्मा दिई वडाका वडा सचिव, सामाजिक परिचालक र कार्यालय सहयोगीको परिचालन गर्ने ।

ग) विवरण संकलन गरेर अद्यावधिक गरिएका व्यवसायीहरुलाई वडाबाट व्यवशाय दर्ता प्रमाणपत्र जारी गरी व्यवशायीहरुको एक प्रति अभिलेख नगरपालिकामा पेश गर्नुपर्नेछ। वडाले आफ्नो वडा भित्र भएका व्यवशायीहरुको लगत व्यवशाय रजिष्टरमा दर्ता गरी प्रत्येक बर्ष अद्यावधिक गर्दै जाने।

घ) व्यवसायीहरुको विवरण संकलन र अद्यावधिक गर्ने कार्यमा व्यवस्थापन खर्च ( खाना, खाजा, चिया र स्टेसनरी ) वापतका लागि निम्न वडाहरुलाई निम्न अनुसारको रकम आ व ०७५।७६ को स्वीकृत विविध खर्च शिर्षकवाट उपलब्ध गराउने । यसरी उपलब्ध गराइने रकमको वाडँफाड र कार्ययोजना सम्वन्धित वडा समितिको कार्यालयले निर्णय गरे वमोजिम हुने ।

निम्न

| सि नं | वडाको प्रकृति / किसिम | पर्ने वडाहरु | स्वीकृत व्यवस्थापन खर्च रकम |
|---|---|---|---|
| १ | शहरी क्षेत्रका वडाहरु | ६,७,९ | एकमुष्ठ प्रतिवडा रु २० हजार । |
| २ | ग्रामीण क्षेत्रका वडाहरु | १,२,३,४,५,८,१०,११ | एकमुष्ठ प्रतिवडा रु १० हजार । |

## निर्णय नं ५

यस नगरकार्यपालिकाको कार्यालय अर्न्तगत विभिन्न कार्यक्रम र शाखाहरुमा करार र अस्थायी रुपमा कामकाज गर्दै आएका निम्न अनुसारका पद र संख्याका कर्मचारीहरुलाई २०७५ साउन १ गतेदेखि २०७५ कार्तिक मसान्त सम्मको लागि करार सेवाको म्याद नवीकरण गर्ने र सि नं २४ को हकमा जिल्ला समन्वय समिति लमजुड०गवाट लेखि आए वमोजिम हुने निर्णय गरियो ।

निम्न

| सि.नं. | कार्यक्रम/शाखा | पद | संख्या | खर्च व्ययभार हुने स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राविधिक शाखा | ईन्जिनियर | २ | न.पा. | |
| २ | | सव ईन्जिनियर | २ | न.पा. | |
| ३ | | अमिन | १ | न.पा. | |
| ४ | सुचना प्रविधि | सु.प्र.अ. | १ | २५ प्रतिशत न.पा./ने.स. अनुदान | |
| ५ | सवारी व्यवस्थापन | हेभी सवारी चालक | १ | न.पा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | | टिप्पर चालक | १ | न.पा. | |
| ७ | | वोलेरो जिप चालक | १ | न.पा. | |
| ८ | सामाजीक परिचालन | सामाजिक परिचालक | ९ | न.पा. | |
| ९ | नगरपालिका कार्यालय | का.स. | ३ | न.पा. | |
| १० | वडा कार्यालय (वडा नं. १, २, ३, ५, ९, १० र ११) | का.स. | ७ | न.पा. | |
| ११ | कृषि विकाश शाखा | ना.प्रा.सा. | २ | ने.स.अनुदान | |
| १२ | पशु विकाश शाखा | ना.प्र.स्वा.प्रा. | २ | ने.स. अनुदान | |
| १३ | स्वास्थ्य शाखा | का.स. | ५ | ने.स.अनुदान /न.पा. | |
| १४ | आयुर्वेद शाखा | का.स. | २ | ने.स.अनुदान | |
| १५ | शहरी स्वास्थ्य केन्द्र भोटेओडार | अ.हे.व. | १ | ने.स.अनुदान | |
| १६ | | अनमी | १ | ने.स.अनुदान | |
| १७ | | का.स. | १ | ने.स.अनुदान | |
| १८ | शहरी स्वस्थ्य केन्द्र खत्रीठाँटी | अ.हे.व. | १ | ने.स.अनुदान | |
| १९ | | अनमी | १ | ने.स.अनुदान | |
| २० | | का.स. | १ | ने.स.अनुदान | |
| २१ | बर्थिङ सेन्टर सुन्दरवजार | अ.न.मी | १ | ने.स.अनुदान | |
| २२ | बर्थिङ सेन्टर कुन्छा | अ.न.मी | १ | ने.स.अनुदान | |
| २३ | बर्थिङ सेन्टर चन्द्रेश्वर | अ.न.मी. | १ | ने.स.अनुदान | |
| २४ | न.पा . कार्यालय | सा.प ( नासु) | १ | जि स स | जिसस वाट पत्र प्राप्त भए वमोजिम हुने गरी । |
| २५ | महिला विकास (महिला जागृति) | सा.पा. | ५ | ने.स.अनुदान | सं.मा.त.सा.प्र.म.को च.नं.१४ मिति २०७५।०४।२७ गतेको पत्रानुसार |
| २६ | गरिव संग विशेश्वर कार्यक्रम | सा.पा. | १ | ने.स.अनुदान | कृ.भू.व्य.स.म. को च.नं.०३ मिति २०७५।०४।३ गतेको पत्रानुसार |
| २७ | प्रमुख उप प्रमुख आवास | का.स. | २ | न.पा. | |

## निर्णय नं ६

आर्थिक वर्ष २०७५।७६ को लागि नगरपालिकाको कृषि विकास शाखाको लागि स्वीकृत निम्न अनुसारका कार्यक्रमहरुको कार्यान्वयनका वारेमा आजको वैठकमा शाखा प्रमुख श्री रामचन्द्र सेढाईंवाट प्रस्ताव पेश भयो । पेश भएको प्रस्ताव अनुसार स्वीकृत भएका निम्न कार्यक्रम निम्न वडामा पकेट क्षेत्र निर्धारण गरी कार्यान्वयन गर्न प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**तपशिल**

| सि नं | कार्यक्रमको नाम | सम्बन्धित खेती | स्वीकृत कार्यक्रमको सि.नं. | स्वीकृत वजेट | अनुदानको किसिम | कार्यान्वयन गर्ने वडा नं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | युवा लक्षित कार्यक्रम | माछापालन | २२ | ८५०००० | सशर्त अनुदान | ३,४ | |
| | | च्याउ | ३० | | | ७,८,९ | |
| | | मौरीपालन | | | | १,५,६,१० | |
| | | तरकारी | | | | २,५,६,७ | |
| २ | एक गाँउ एक उत्पादन कार्यक्रम | किवी | १० | ५०५००० | सशर्त अनुदान | ११ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | केरा विरुवा वितरण | केरा | ११ | १००००० | सशर्त अनुदान | १०,१,२ | |

## निर्णय नं ७

आ. व. २०७५/०७६ मा कर्मचारी प्रोत्साहन शिर्षकमा विनियोजन गरिएको रकमवाट नगरकार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता प्रदान गर्दा अपनाउनुपर्ने मापदण्ड र प्रदान गरिने रकम सहीतको प्रतिवेदन तयार गर्न एवम् नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई गत आ व मा कन्टिन्जेन्सी शिर्षकवाट प्रदान गरिदै आईएको सुविधा जस्तै यस आ व मा पनि थप सुविधा प्रदान गर्नको लागि कुनकुन आधार र प्रकृयामा के कति रकम सुविधा स्वरुप उपलब्ध गराउन सकिन्छ ? त्यसको अध्ययन र विश्लेषण गरी आधार र रकम समेतको मपदण्ड प्रतिवेदन तयार गरी नगरकार्यपाकिको वैठकमा पेश गर्न तपसिल वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| १. | मोति प्रसाद गुरुङ | संयोजक |
| २. | रघुनाथ मिश्र | सदस्य |
| ३. | चन्द्रमा घिमिरे | सदस्य |

## निर्णय नं ८

यस नगरपालिकाको क्षेत्रभित्रको मर्स्याङ०गदी नदी र पाउँदी खोलावाट ढुंगा, गिटटी, वालुवा आदि प्राकृतिक स्रोतको उत्खनन र संकलन कार्यका लागि IEE प्रतिवेदन तयार गर्नुपर्ने भए वमोजिम जिल्ला समन्वय समितिवाट TOR स्वीकृत गराई उक्त प्रतिवेदन तयारी गर्ने कार्यका लागि कार्यालयले अगाडी वढाएको कारवाहीको विषयमा जानकारी गराईयो । सो वमोजिम सूचीकृत परामर्शदाताहरुवाट कोटेसन माग गरी अगाडी वढाईएको कार्यलाई अनुमोदन गरी उक्त कार्यका लागि हुने खर्च रकम आ व ०७५।७६ को कन्टिन्जेन्सी शिर्षकबाट खर्च लेख्न कार्यकम स्वीकृत गर्ने र सोही अनुसार भुक्तानी प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

## निर्णय नं ९

जिल्ला प्रशासन कार्यालय लमजुङ०गको चलानी नं ५३१ मिति २०७५/०५/१२ को पत्र आजको वैठकमा पेश भई छलफल भयो । उक्त पत्र अनुसार यहि भाद्र २२ गतेको निजामति सेवा दिवशको अवशरमा वेसिशहर लमजुङ०गमा संचालन हुने विविध कार्यकमहरु मध्ये व्याडमिन्टन प्रतियोगितात्मक कार्यक्रमका लागि पुरुस्कार र व्यवस्थापन वापत रु २००००। ( वीस हजार ) रकम उक्त कार्यकमको सम्वन्धित समितिलाई मिल्दो शिर्षकवाट अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं १०

यस कार्यालयको आर्थिक वर्ष २०७५।७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार १ थान जिप खरिदको लागि रु ६० लाख ( साठी लाख ) र १० थान मोटर साईकल खरिदको लागि रु २५ लाख ( पच्चिस लाख ) विनियोजन भएको छ । उक्त सवारी साधनहरु खरिदको लागि आवाश्यक स्पेसिफिकेसन, लागत , ईष्टिमेट र वोलपत्र कागजातहरु तयार गर्नका लागि मिति २०७५।४।२२ मा श्री यान्त्रिक कार्यालय, डुम्रे तनहूलाई अनुरोध गरिएकोमा सो अनुसारको स्पेसिफिकेसन, लागत, ईष्टिमेट र वोलपत्र सम्वन्धि कागजातहरु यस कार्यालयमा प्राप्त हुन आएको हुदाँ उक्त कागजात र लगत ईष्टिमेट ( जिपको ल ई रु ५९७२५००। र मोटरसाईकलको रु २२०२५००। ) स्वीकृत गरि ई-विडिङ०ग प्रकृया मार्फत सवारी साधनहरु खरिद प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

## निर्णय नं ११

सुन्दरवजार अस्पताल, लमजुङ०गको भौतिक निर्माण तथा सुधार कार्यको लागि गत आ व ०७४।७५ मा योजना स्वीकृत भए वमोजिम उपभोक्ता समिति संग मिति २०७५।१२।२३ मा र मिति २०७५।२।१० मा संझौता भई कार्यान्वयन अगाडी वढाईएकोमा उपभोक्ता समितिले अविरल वर्षाले निर्माण सामाग्रिको ढुवानीमा कठिनाई भएको र दक्ष कामदारको समेत अभाव भई समयमा काम सम्पन्न नभएको हुदाँ आगामी अशोज मसान्त सम्म म्याद थप गरि संझौता वमोजिम पाउनु पर्ने रकमको आगामी आ व मा व्यवस्था समेत गरिपाउँ भनि मिति २०७५/०३/३२ मा निवेदन दिएको व्यहोरा आजको वैठकमा पेश भयो । सो सम्वन्धमा छलफल गर्दा उक्त

समितिको कार्यसम्पन्न गर्ने म्याद मिति २०७५ असोज मसान्त सम्म थप गरी संझौता वमोजिम समितिलाई भुक्तानी दिनुपर्ने रकम रु ७ लाख रकम यस आर्थिक वर्षको नगर पूर्वाधार विकास कार्यक्रममा राखिएको रकम मध्येवाट खर्च लेख्ने निर्णय गरियो ।

## निर्णय नं १२

आर्थिक वर्ष २०७५।७६ को लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको संझौता गर्दा तथा प्रथम रनिङ०ग विल सहीत अन्तिम भुक्तानी लिदाँका वखत उपभोक्ता समिति वा भुक्तानी माग गर्ने व्यक्ति , संस्थाहरुले नगरपालिका समक्ष निम्न अनुसारका कागजातहरु पेश गर्नुपर्ने निर्णय गरियो ।

## तपशिल

### योजना सम्झौता गर्दा उपभोक्ता समितिले पेश गर्नु पर्ने कागजात हरु

१) उपोक्ता समिति गठन गर्दाको भेलाको उपस्थिती र निर्णय प्रतिलिपि (वडा कार्यालय बाट प्रमाणित हुनु पर्ने) ।

२) अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरेको निर्णय प्रतिलिपी (वडा कार्यालय बाट प्रमाणित हुनु पर्ने) ।

३) उ. भो. स. को अध्यक्ष, सचिव र कोषाध्यक्षको नागरिकताको प्रमाण पत्र प्रतिलिपि ।

४) योजनाको प्राविधिक लगत ईष्टिमेट (ल. ई.) ।

५) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय।

६) आयोजनाको कार्यान्वयनको कार्य तालिका।

७) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु।

८) वडा कार्यालयको सिफारीस पत्र ।

९) योजना संचालन हुनु भन्दा पहिलाको योजना स्थलको फोटो (स्पष्ट देखिने र खुल्नेगरी)।

१०) योजनाको उपभोक्ता समितिको नामको छाप।( छाप वनाउदा योजनाको नाम फरक नपर्ने गरी वनाउनुपर्ने)

### प्रथम रनिङ्गविल भुक्तानी लिदा पेश गर्नु पर्ने कागजातहरु

१) उ. भो.स. ले योजनाको रकम भुक्तानी माग गरेको निबेदन पत्र
२) वडा कार्यालयको राय सिफारिस पत्र
३) उक्त अवधि सम्म भए गरेको कार्यको प्राविधिक मूल्याङ्कन ( रनिङ्ग विल)
४) प्राविधिक MEASUREMENT BOOK
५) योजनामा भए गरेको कार्यको तस्विर/ फोटो
६) उ. भो. स.को बैठकको निर्णय प्रतिलिपि ( रनीड०ग विल माग गर्ने भनी गरिएको निर्णय )
७) योजना स्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको सिफारिस
८) खर्चको विल भर्पाईहरु २०००० विस हजार भन्दा माथिको VAT विल र कम रकमको PAN विल अनिवार्य हुनु पर्नेछ ।
९) डोर हाँजिर फारम (प्रमाणित)
१०)खर्च सार्वजनिक सुचना फारम (तोकिए बमोजिमको ढाँचाको)
११)सार्वजनिक परीक्षण फारम (तोकिए बमोजिमको ढाँचाको)
१२) विस हजार भन्दा माथिको अनिवार्य भ्याटविल(अनिवार्य)
१३) सामान ढुवानी गरेको गाडीको विल बुक, र चालक अनुमति पत्र (निर्माण ब्यवसायी, फर्म, संस्था र कम्पनीको हकमा २०००० विस हजार भन्दा माथिको रकमको हकमा कर विजकनै पेश गर्नु पर्नेछ । भर्पाई मान्य हुने छैन ।

### अन्तिम भुक्तानी लिदा पेश गर्नु पर्ने कागजातहरु

१) उ. भो.स. ले योजनाको रकम भुक्तानी माग गरेको निबेदन पत्र
२) वडा कार्यालयको राय सिफारिस पत्र

३) प्राविधिक कार्य सम्पन्न प्रतिवेदन
४) प्राविधिक MEASUREMENT BOOK
५) योजनामा भए गरेको कार्यको तस्विर/ फोटो
६) उ. भो. स.को बैठकको निर्णय प्रतिलिपि ( कार्य सम्पन्न भएकोले भुक्तानी माग गर्ने भन्ने निर्णय )
७) योजना स्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको सिफारिस
८) खर्चको विल भर्पाईहरु २०००० विस हजार भन्दा माथिको VAT विल र कम रकमको PAN विल अनिवार्य हुनु पर्नेछ ।
९) डोर हाँजिर फारम(प्रमाणित)
१०)खर्च सार्वजनिक सुचना फारम (तोकिए बमोजिमको ढाँचाको)
११)सार्वजनिक परीक्षण फारम (तोकिए बमोजिमको ढाँचाको)
१२) विस हजार भन्दा माथिको अनिवार्य भ्याटविल (अनिवार्य)
१३) सामान ढुवानी गरेको गाडीको विल बुक, र चालक अनुमति पत्र (निर्माण व्यवसायी, फर्म, संस्था र कम्पनीको हकमा २०००० विस हजार भन्दा माथिको रकमको हकमा कर विजकनै पेश गर्नु पर्नेछ । भर्पाई मान्य हुने छैन ।
१४)जाँचपास तथा फरफारक समितिको निर्णय सिफारिस ।

नोट:

- उपभोक्ता समितिले डोजर प्रयोग गरी कार्य गरेको अवस्थामा डोजर संचालक वा निर्माण व्यवसायी वा डोजर प्रदायक सँग भाडाँ सम्वन्धमा गरेको सम्झौताको कागज अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
- उपभोक्ता समितिले डोजर बाट कार्य गरे गराएको अवस्थामा आफुहरुले जनश्रमदान वापत गरेको प्रमाणित डोर हाँजिरी फारम, विल भर्पाईहरु पेश गर्नुपर्नेछ । साथै जनसहभागिता बाट गरिएको कामको स्पष्ट विवरण र परिमाण समेत खुलाएर पेश गर्नुपर्नेछ । यसरी पेश भएको विवरणमा प्राविधिकवाट प्रमाणित हुनुपर्नेछ ।

## निर्णय नं १३

आ.व. ०७४।७५ को स्वीकृत वार्षिक कार्यक्रमहरुमा समावेश भएको निम्न लिखित कार्यक्रमहरु गत आ.व. मा सम्पन्न भई भुक्तानी वाँकी रहेकोमा यस आ.व.को बजेटमा समावेश गराई आगामी सभामा पेश गरी अनुमोदन गराउने । र भुक्तनी भएकोलाई अनुमोदन गरी अरु भुक्तानी हुन वाँकी रकमलाई भूक्तानि दिने व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निम्न**

- सामाजिक सुरक्षा भत्ता (जेष्ठ नागरीक दिर्घ सेवा सम्मान र सामाजिक सुरक्षा (३६५०१५ चालु) मा बजेट वाँकी रु ८०४००००।०० (अक्षेरुपी असी लाख चालिस हजार) को.ले.नि.का. लमजुङको एकल कोष खातामा (अनिवार्य दायीत्व) मिति २०७५ भदौ ६ गते फिर्ता गरिएको ।
- स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम (३६५८१९४ पूजीगत) तर्फको वाँकी बजेट रु ६१६३।०० (अक्षेरुपी छ हजार एक सय त्रिसठि) को.ले.नि.का. लमजुङको एकल कोष खातामा (अनिवार्य दायीत्व) मिति २०७५ भदौ ६ गते फिर्ता गरिएको ।
- चेलीवेटी मार्ग स्तरउन्नती योजनाको भुक्तनी मिति २०७५ भदौ १३ गते उपभोक्ता समितिलाई नियमानुसार १९९१३८३।०० भुक्तानी गरिएको ।
    - ✓ यस योजनामा सडक बोर्ड नेपालबाट रु २५ लाख न.पा. बाट रु ७ लाख ५० हजार वडा नं. १ को सम्पन्न हुन नसकेको योजनाको रु १ लाख ५० हजार र जनसहभागीतको रु १७३४२०।०० गरी कुल ३५७३४४०।०० को योजना सम्झौता भएको,
    - ✓ गत आ.व.मा सडक बोर्ड नेपालबाट रु ७ लाख पचास हजार मात्र निकासा भएको,
    - ✓ प्रथम रनिङ विल अनुसार मिति २०७५ असार १४ गते सडक बोर्डबाट प्राप्त रकम रु ७ लाख ५० हजार र न.पा. बाट रु ४ लाख ६३ हजार ७ सय ५३ गरी जम्मा रु १२१३७५३।०० मात्र भुक्तानी भएको ।
    - ✓ बाँकी रकम सडक बोर्ड नेपाल बाट २०७५ भदौ ७ गते रु १७ लाख ५० हजार निकासा प्राप्त भएकोमा निकासा रकम र नगरपालिकाबाट व्यहोर्ने रकम थप गरी उक्त उपभोक्ता समितिलाई भुक्तानी उपलव्ध गराईएको ।
- गत वर्षमा भुक्तानीका लागी काटिएका चेकहरु सम्वन्धीत समिति वा व्यक्तिले चेक साट्न विलम्व गरेका कारण भुक्तानी हुन नसकेको भएमा उक्त चेक फिर्ता गरी बैङक मौज्दात (अ.ल्या) भिडाई यस आ.व.मा खर्च लेख्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं १४

यस नगरपालिका अर्न्तगत कार्यरत विभिन्न शिक्षक पेशागत संघ /संगठनहरुका संयोजकहरु (खुसीराम खनिया संयोजक-नेपाल शिक्षक संघ, ज्ञानवहादुर कार्की संयोजक -ने.ऐ.शि.संगठन, श्रीकृष्ण अधिकारी संयोजक - अ.ने.रा.शि.संगठन, हरिप्रसाद रेग्मी संयोजक -

ने.रा.शि.परिषद) ले मिति २०७५।०५।०३ मा र मिति २०७५।०५।१५ गते नेपाल शिक्षक महासंघ जिल्ला समिति लमजुङले नगर प्रमुख ज्यू समक्ष सुन्दरबजार नगरपालिकाद्धारा पारित नगर शिक्षा ऐनको विषयमा दिईएको ज्ञापन पत्रको सन्दर्भमा छलफल हुदाँ शिक्षकको पेशागत संघ संगठनहरुलाई नगरपालिकाले पारित गरेको शिक्षा ऐनमा गर्नुपर्ने संशोधनको विषयमा निम्न अनुसारको ढाँचामा सुझाव पेश गर्न अनुरोध गरी पठाउने र सो प्राप्त भएपछि नगरपालिकाको विद्यायन समितिमा पठाउने निर्णय गरियो ।

निम्न

| सि.नं. | संशोधन गर्नुपर्ने | | संशोधनमा थपघट गर्नुपर्ने व्यहोरा | संशोधनमा थपघट गर्नुपर्ने व्यहोराको औचित्य/पुस्ट्याई |
|---|---|---|---|---|
| | दफा | दफामा रहेको व्यवस्था | | |
| | | | | |
| | | | | |
| | | | | |

## निर्णय नं १५

नगर कार्यपालिकाको कार्यालयको मौजूदा भवनको संरचनामा माथिल्लो तलामा कोठा थप, तल्लो तलामा पार्टिशन र शौचालय निर्माण सहीतको मर्मत सम्भार कार्य गर्नका लागि प्राविधिक प्रमुख ई जीवन थापाबाट पेश भएको लागत इष्टिमेट स्वीकृत गरी नगर स्तरीय पूर्वाधार निर्माण कार्यक्रम तर्फको बजेट मार्फत मर्मत सम्भारको कार्य अगाडी वढाउने निर्णय गरियो।

## निर्णय नं १६

यस नगरपालिका स्थित श्री ग्लोबल भिजन ईङ्लिस बोर्डिङ स्कुल, भोटेओडार, सुन्दरबजार नगरपालिका-९, लमजुङ ले शैक्षिक सत्र २०७४ को लागि कक्षा-११ को अनुमति प्राप्त गरी शैक्षिक सत्र २०७५ को लागि कक्षा-१२ संचालन अनुमतिको लागि आवेदन पेश भएकोमा सो सम्बन्धमा छलफलहरु हुँदा विद्यालयलाई आवश्यक पूर्वाधारहरु पूरा गर्ने शर्तमा शैक्षिक सत्र २०७५ को लागि कक्षा-१२ संचालन अनुमति दिने निर्णय गरियो।

## निर्णय नं १७

यस नगरपालिका भित्र स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्तीहरुमा स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक रहेकोले आर्थिक वर्ष २०७५।७६ को लागि नगरपालिकाको स्वास्थ्य शाखाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न अनुसारका दुई स्थानहरुमा शहरी स्वस्थ्य केन्द्र स्थापना कार्यक्रम अन्तर्गत निम्न वडाका निम्न बमोजिमका दुई स्थानहरुमा शहरी स्वस्थ्य केन्द्र स्थापना र संचालन गर्ने निर्णय गरियो।

| सि.नं. | वडा नं. | स्थान |
|---|---|---|
| १ | ३ | लामीखेत |
| २ | ५ | गहते |

## निर्णय नं १८

विभिन्न वडाका खानेपानी तथा सिंचाईको पाइप सम्बन्धमा उपभोक्ताहरुवाट माग भई आएको निवेदनहरु आजको बैठकमा पेश भयो। उपभोक्ताहरुको माग र वडा कार्यालयको सिफारिस अनुसार नगर पुर्वाधार विकास कार्यक्रमबाट रु पाँच लाख विनियोजन गरी प्राविधिकको लागत ईष्टिमेट बमोजिम छोटो प्रक्रिया अवलम्बन गरी पोलिथिन पाइपहरु (खानेपानी र संचाई प्रयोजनका लागि) खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं १९

यस नगरपालिकाको विधेयक समितिका संयोजक कार्यपालिका सदस्य श्री सुरेश कुमार दुराबाट **सुन्दरबजार नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५** बैठकमा पेश भई छलफल भयो। उक्त कार्यविधिमा आवश्यक संशोधन सहित पारित गर्ने निर्णय गरियो।

२०७५।०५।१८